पत्र संख्या: ने.ल्यू.आ.लि.२०८३।८४, च.नं.: १६

मिती : २०८३।०५।२८

श्रीमान् अध्यक्ष ज्यू
नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर, नेपाल ।

**विषय : ३५ औं बार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस नेपाल ल्यूब आयल लि.को मिती २०८३।०६।२६ गते शुक्रबार सांझ ५:१५ बजे बसेको ३९१ औं सञ्चालक समितीको बैठकले कम्पनीको ३५ औं बार्षिक साधारण सभा निम्नलिखित मिती, समय, स्थानमा देहायका विषय एवंम प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्ने भनि सर्वसम्मत रुपमा निर्णय भई सम्पन्न भएकोले सोको जानकारीको निमित्त अनुरोध छ ।

## १. वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:

मिति : २०८३ साल आश्विन १९ गते (५ अक्टोबर, २०२६), सोमबार
समय : बिहान ११:३० बजे
स्थान : द प्लाजा, पुल्चोक, ललितपुर

## २. छलफलका विषय सूची :

### प्रस्ताव

क) आ.ब.२०८२।८३को सञ्चालक समितिको प्रतिवेदन सहित सोमा उल्लेखित यसवर्षका निति, कार्यक्रम र योजनाहरु माथि छलफल गरि स्विकृत गर्ने ।

ख) आ.व.२०८२।८३ को लेखा परीक्षकको लेखा परिक्षण प्रतिवेदन, २०८३ आसाढ मसान्तको वासलात र आ.व.२०८२।८३ को आय विवरण र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरि स्वीकृत गर्ने ।

ग) आ.ब. २०८२।८३ को यस कम्पनीका सहायक कम्पनीहरु NLOL Energy Ltd र NLOL synergy Ltd को वित्तिय विवरणहरु सहितको एकिकृत वित्तिय विवरण छलफल गरि पारित गर्ने ।

घ) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम लेखा परिक्षण समितीबाट पारित गरि सञ्चालक समितीबाट अनुमोदन भएको आ.व.२०८३।८४ को कारोबारको लागि बाह्य लेखा परिक्षकमा पि.प्रमास एण्ड एसोसिएट्स लाई पारिश्रमिक रु. ३,००,०००।०० सहितको नियुक्ती प्रस्तावलाई अनुमोदन गर्ने । (विभिन्न ३ लेखा परिक्षक बाट प्रस्ताव प्राप्त भएको थियो)

ङ ) मिती २०८३।०३।२९ गते बसेको ३८९ एवंम ३९० औं सञ्चालक समितीको बैठक बमोजिमको सञ्चालक समितीको पुर्नगठनलाई अनुमोदन गर्ने । अध्यक्ष एवंम प्रमुख कार्यकारी अधिकृत र कार्यकारी सञ्चालकको पारिश्रमिक र सर सुविधाहरु निजहरुको यसअधिको पदमा प्राप्त हुने सम्पुर्ण पारिश्रमिक र सुविधाहरुबाट नघटने गरि प्रदान गर्ने गरिएको सोहि बैठकको निर्णयलाई अनुमोदन गर्ने ।

च) कम्पनीको सञ्चालक समितीलाई आवश्यक्ता अनुसार सञ्चालक समितीमा मतदान प्रकृयामा सहभागी नहुने अनौपचारिक प्रतिनिधित्वको निमित्त "विशेष सल्लाहकार" नियुक्त गर्ने साथै उक्त पदको भुमिका, कार्य, पदावधी एवंम जिम्मेवारी सञ्चालक समितीले निर्धारण गर्ने एवंम सोको निमित्त प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने प्रस्ताव स्विकृत गर्ने ।

### विषेश प्रस्ताव

क) सञ्चालक समितिको ३९१ औं बैठकले सिफारिस गरे बमोजिम १५ प्रतिशत बोनस शेयर लाभांस तथा ६.०५२६४% नगद लाभांस (अर्थात रु.५२,९२,१३८।८६ नगद लाभांस) गरि जम्मा चूक्ता पूंजीको २१.०५२६४% लाभांस (नगद लाभांस दुवै लाभांसको कर कट्टा प्रयोजनको निमित्त उपयोग पश्चात नगद लाभांस वितरण गर्ने) वितरणको निमित्त स्वीकृत गर्ने ।

ख) प्रस्तावित बोनस सेयर कम्पनीको आ.ब.२०८२।८३ को अर्थात २०८३ आसाढ मसान्तको वासलात बमोजिमको चूक्ता पूंजीमा प्रदान गर्ने । कम्पनीले यस अघि १:२ हकप्रद शेयर निश्कासनको निमित्त श्री धितोपत्र बोर्डमा पेश भएको निवेदनमा उल्लेख रहेको शेयर संख्या १४,५७,२५३.६० कित्तामा मात्र हकप्रद शेयर निश्कासन लागु हुने । यो आ.ब. एवंम अधिल्लो आ.ब. अर्थात २०८१।८२ र २०८२।८३ अर्थात ३४औं र ३५औं वार्षिक साधारण सभाबाट स्विकृती सहित वितरित थप बोनस शेयरलाई उक्त १४,५७,२५३. ६० कित्ता भित्र सिमित रही दामासाही तरिकाले हकप्रद शेयर निश्कासन गर्ने ।

**नेपाल ल्युब आयल लिमिटेड**



साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोन: +९७७-१-५३५१०६१/६२, ५९०१०६३,
फ्याक्स: +९७७-१-५५४६२२३ पो.ब.नं.:१९१६, कारखाना: अमलेखगंज, बारा, फोन: +९७७-५३-५७०१०४
ई-मेल: nlol@nepallubeoil.com, वेबसाइट: www.nepallubeoil.com

CamScanner

NEPAL LUBE OIL LIMITED

ग) यस साधारण सभाबाट पारित बोनस शेयर लाभांस र मिती २०८१।१०।२९ को विशेष साधारण सभाबाट सर्वसम्मतरुपमा स्विकृत भई हाल SEBON मा स्विकृतीको निमित्त पेश भएको कम्पनीको १:२ अनुपातको हकप्रद शेयर निष्कासन (1:2 Ratio, Right share Issue) पश्चात् प्राप्त पूँजीको व्यवसायमा उपयोग गर्ने सम्बन्धमा ।

घ) माथिको बोनस शेयर स्विकृत र हकप्रद शयेरबाट प्राप्त पुंजी वृद्धिको प्रस्तावहरु स्विकृत पश्चात सोहिको निमित्त कम्पनीको अधिकृत, जारी तथा चूक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्र संसोधन गर्ने ।

ङ) अधिकृत पुंजी, जारी पुंजी तथा चूक्ता पुंजी वृद्धी गर्ने र माथिका अन्य सबै निर्णयहरु कार्यान्वयनको निमित्त कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न विवरणहरु तयार गरी श्री कम्पनी रजिष्ट्रारको कार्यलय लगायत अन्य आवश्यक नियमन निकायहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, CDS clearing ltd. तथा अन्य सरकारी एवंम गैरसरकारी कार्यलयहरुमा उक्त कार्य एवंम धितोपत्र निश्कासन सम्बन्धि एवंम बोनस शेयर लिष्टिङ्ग सहितका अन्य सबैकिसिमका कार्य गर्न गराउन कम्पनी सचिव श्री सुवास आचार्यलाई अख्तियारी प्रदान गर्न संचालक समितीलाई पुर्ण अधिकार प्रदान गर्ने ।

च) विविध ।

सधन्यवाद ।

नेपाल ल्यूब आयल लि. काठमाडौं NLO

सुवास आचार्य

कम्पनी सचिव

नेपाल ल्यूब आयल लि.

कम्पनी सचिव

नेपाल ल्यूब आयल लि.

बोधार्थ :

श्री नेपाल स्टक एक्सचेन्ज लि., काठमाण्डौं, नेपाल

श्री NIMB ACE Capital Ltd, काठमाण्डौं , नेपाल

श्री कम्पनी रजिष्ट्रारको कार्यलय, काठमाण्डौं, नेपाल

श्री नेपाल क्लियरिङ्ग हाउस लि., काठमाण्डौं, नेपाल



CamScanner